कोशी प्रदेश सरकार

# पर्यटन, वन तथा वातावरण मन्त्रालय

## प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, झापा

भद्रपुर, नेपाल

प.सं. ०८३।८४

च.नं.

मितिः- २०८३।०५।३०

(ने.सं. ११४६ गुंलागा, सोमबार)

## गोलिया काठ र दाउराको शिलबन्दी बोलपत्रद्धारा लिलाम विक्रीको सूचना

### प्रथम पटक सूचना प्रकाशित मिति २०८३।०५।३०

यस कार्यालयबाट मिति २०८३।०५।३० मा प्रकाशित सूचना बमोजिम नमुना सा.व.उ.स., अर्जुनधारा-९, झापा तथा अरिदमण गण, चारआली ब्यारेक कम्पाउण्डको घाटगद्दीमा रहेका साल, जङ्गली सिसौ, सागवान, कालो सिरिस, क्यामुना लगायतका जातका तपसिलमा उल्लिखित वन पैदावारहरू जे-जस्तो अवस्थामा छन्, सोही अवस्थामा शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। वन पैदावारको कारोबार गर्ने प्रयोजनका लागि प्रचलित कानूनबमोजिम दर्ता भएका तथा उद्योग दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर (मु.अ.कर) मा दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र तथा उद्योग सूचीकरण प्रमाणपत्र भएका, वा अद्यावधिक गर्नुपर्ने भए सो समेत अद्यावधिक गरेका योग्य फर्म/उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१(एक्काइस) दिन भित्र यस कार्यालयबाट दरभाउपत्र/बोलपत्र खरिद गरी तोकिएका शर्त तथा प्रचलित कानूनी व्यवस्थाको अधीनमा रही बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ।विस्तृत जानकारी डिभिजन वन कार्यालय, झापाको सूचना पाटीमा टाँस गरिएको व्यहोरा अनुरोध छ ।

तपशिल

| | लट नम्वर १, आ.व २०८३।०८४ | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | जात | किसिम | थान | परिमाण | न्यूनतम मुल्य | घाटगद्धी स्थान | कैफियत |
| १ | साल | गोलिया | ८७ | ६४०.९९ | ६९०३२६।५० | अरिदमण गण चारआली व्यारेक | |
| २ | सागवान | गोलिया | १९ | ८२.५८ | | | |
| ३ | कालो सिरिस | गोलिया | ७ | ३५.५४ | | | |
| ४ | जंगलि सिसौ | गोलिया | २० | ४४.५३ | | | |
| ५ | क्यामुना | गोलिया | २ | २.८८ | | | |
| जम्मा | | | १३५ | ८०६.५२ | | | |

| | लट नम्वर २, आ.व २०८३।०८४ | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | जात | किसिम | थान | परिमाण | न्यूनतम मुल्य | घाटगद्धी स्थान | कैफियत |
| १ | साल | गोलिया | ५२ | ६४६.२८ | ७१८०७६।- | अरिदमण गण चारआली व्यारेक | |
| | | | दाउरा१.५० चट्टा | | | | |
| जम्मा | | | ५२ | ६४६.२८ | | | |

| | लट नम्वर ३, आ.व २०८३।०८४ | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | जात | किसिम | थान | परिमाण | न्यूनतम मुल्य | घाटगद्धी स्थान | कैफियत |
| १ | साल | गोलिया | ५३ | ४६१.९३ | ७४०२३६।- | अरिदमण गण चारआली व्यारेक | |
| | | | दाउरा०.५० चट्टा | | | | |
| २ | साल | गोलिया | २२१ | ५४२ | | नमुना सा.व.उ.स अर्जुनधारा ९, झापा | |
| जम्मा | | | २७४ | १००४.३५ | | | |

कोशी प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, झापा

भद्रपुर, नेपाल

नयुनि मोहिवार यादव
डिभिजनल वन अधिकृत

**दरभाउ पत्र सम्बन्धि शर्तशरुः**

१. बोलपत्र।दरभाउ पत्र खरिदकर्ताले मिति २०८३।०५।३० गते देखि मिति २०८३।०६।१९ गते सम्म कार्यालय समयभित्र दरभाउ पत्र खरिद गरी मिति २०८३।०६।२० गते दिनको १:०० बजे सम्म डि.व.का, झापामा शिलवन्दि बोलपत्र दर्ता गराई सक्नु पर्नेछ ।

२. एउटा लटको लागि खरिद गरिएको दरभाउ पत्र अर्को लटको प्रयोजनको लागि प्रयोग गर्न पाइने छैन ।

३. म्याद भित्र दर्ता भएका बोलपत्र। दरभाउ पत्रहरु नियमानुसार मिति २०८३।०६।२० गते कार्यालय समय पछाडी डि.व.का, झापामा खोलिने छ ।

४. वोलपत्र।दरभाउपत्रमा अंक र अक्षरमा फरक रकम उल्लेख गरिएको पाइएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५.स्वीकृत वोलपत्र।दरभाउपत्र दाताले विक्री सदर भएको मितिले आफुले कवोल गरेको रकम १० दिन भित्र यस कार्यालयमा दाखिला गरिसक्नुपर्ने छ ।

६. वोलपत्र/दरभाउ पत्र स्वीकृत भएको मितिले नियमानुसार वन पैदावारको इजाजत लिई उठाइ लगि सक्नुपर्ने छ । संकलन खर्च वापतको रकम वोलकबोल रकम भन्दा अलग्गै थप लाग्नेछ ।

७. सहि छाप नभई तथा शिलवन्दी नभई प्राप्त भएको वोलपत्र।दरभाउ पत्रलाई समावेश गरिने छैन ।

८. वोलपत्र/दरभाउपत्रमा कुनै शर्त उल्लेख गरिएको पाइएमा उक्त दरभाउ पत्र स्वीकृत गरिने छैन ।

९. जुन फर्म/संस्थाबाट वोलपत्र/दरभाउपत्र खरिद गरिएको हो सोही संस्थाबाट हस्ताक्षर र छाप सहितको दरभाउपत्र मात्र मान्य हुँने छ ।

१०. खाम र वोलपत्र/दरभाउपत्रमा फारममा लट नं. फरक परेको दरभाउपत्रलाई समावेश गराइने छैन

११. वोलपत्र/दरभाउपत्र दाताले आफुले सकार गर्न खोजेको लटको कवोल अंकको १० प्रतिशतले हुँन आउने धरौटी वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैक भद्रपुर, झापा स्थित प्रदेश लेखा इकाई कार्यालय, झापाको धरौटी खाता नं. २२१०१००२०२०३०००० मा नगदै जम्मा गरेको सक्कलै भौचर वा सो बराबरको बैकहरुद्धारा जारी गरिएको ६ महिना भन्दा बढीको बैक ग्यारेन्टी धरौटीको रुपमा दाखिला भएको प्रमाण समावेश भएको हुनुपर्ने छ ।

१२. वोलपत्र/दरभाउपत्र खरिद गर्न आउदा यस आ.व का लागि नविकरण भएको इजाजत पत्र, मु.अ.कर प्रमाण पत्र र गत आ.वको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी निवेदन पेश गर्नुपर्ने छ ।

१३. वोलपत्र कवोल गरेको काठहरु जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजानुपर्दछ ।

१४. दरभाउपत्रमा लटमा उल्लेखीत प्रत्येक जात र ग्रेडको सकार रकम स्पष्ट उल्लेख गराउनु पर्ने छ ।

१५. दरभाउपत्र जुन कार्यालयबाट खरिद गरिएको हो, सोही कार्यालयमा समेत दर्ता गर्न सकिनेछ।

१६. कोशी प्रदेश वन नियमावली २०८० को नियम १४८ बमोजिम सूचिकृत भएका उधोगले मात्र लिलाममा भाग लिन पाइने छ । उक्त सूचिकृत उधोगले आ.व ०८३/०८४ को अधावधिक समेत गरिएको हुनु पर्नेछ ।

१७. प्रदेश सेवा शुल्क वापतको रकम साल, टिक र सिसौ (जंगली) जातको रु.१०।०० र अन्य जातको हकमा रु ५।०० का दरले अतिरिक्त शुल्क लाग्ने छ ।

१८.अन्य थप कुरा आवश्यक परेमा यस कार्यालयको प्रशासन शाखाबाट कार्यालय समयमा जानकारी लिन सकिनेछ ।



dfojhapa@gmail.com, dfojhapa.koshi.gov.np फोन नं. ०२३-४५२०५३